# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY

Kaski, Nepal

चलानी नं.:/Ref.No. २०८०/०८१ मिति : २०८०/०९/१७

## पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समितिबाट सम्बन्धित उम्मेदवारहरुले छात्रवृत्ति अध्ययनका लागि *अनुसुचि फारम भर्ने र आवेदन गर्ने* सम्बन्धि जरुरी सूचना !

(१) पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८० बाट मिति २०८०/०६/२२ गते लिएको **विज्ञान तथा प्रविधि संकाय समूह (क)** छात्रवृत्ति छनौंट प्रवेश परीक्षाको योग्यताक्रम सूचि (Merit List) मा समावेश भई अनुसूचि फारम (कार्यक्रम र कलेज छनौंट गर्न) भरेका School Type–**Public** का उम्मेदवारहरुलाई **Third-Awarded List** प्रकाशित गरी छात्रवृत्ति वितरण गरिसक्दा पनि सम्बन्धित कलेजहरुले उपलब्ध गराएको भर्ना विवरणको आधारमा अझै केही कार्यक्रम र कलेजहरुमा छात्रवृत्ति कोटा बाँकी रहन गएको हुँदा नियमानुसार छात्रवृत्ति वितरणका लागि मिति २०८०/०६/०९ गते प्रकाशित योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका School Type–**Others** का उम्मेदवारहरुलाई मात्र मिति २०८०/०९/१७ गतेदेखि मिति २०८०/०९/१९ गतेसम्म संलग्न बमोजिमका कार्यक्रम र कलेजहरुमा अध्ययनका लागि अनलाईनबाट अनुसूचि फारम भर्न सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

(२) पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८० बाट मिति २०८०/०८/२४ गते व्यवस्थापन संकाय अन्तर्गत School Type–**Others** का उम्मेदवारहरुलाई Second-Awarded List प्रकाशित गरी छात्रवृत्ति वितरण गरिसक्दा पनि सम्बन्धित कलेजहरुले उपलब्ध गराएको भर्ना विवरणको आधारमा अझै केही कार्यक्रम र कलेजहरुमा छात्रवृत्ति कोटा बाँकी रहन गएको हुँदा नियमानुसार संलग्न बमोजिमको **Third-Awarded List** प्रकाशित गरिएको व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । आज प्रकाशित **Third-Awarded List** मा समावेश भएका उम्मेदवारहरुले मिति २०८०/०९/१९ गतेदेखि मिति २०८०/०९/२२ गतेभित्र पत्र बुझि सम्बन्धित कलेजमा गएर भर्ना भइसक्नुपर्ने छ ।

(३) पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८० बाट व्यवस्थापन संकाय अन्तर्गत School Type–**Others** का उम्मेदवारहरुलाई **Third-Awarded List** मार्फत छात्रवृत्ति वितरण गरी बाँकी रहन गएको संलग्न बमोजिमका कार्यक्रम र कलेजहरुमा देहाय बमोजिमका उम्मेदवारहरुलाई अन्तिम पटक व्यवस्थापन संकाय अन्तर्गतको छात्रवृत्ति वितरण गरिने भएको हुँदा तोकिएको फरम्याटमा माग गरिएबमोजिमको विवरण भरी मिति २०८०/०९/१७ गतेदेखि मिति २०८०/०९/१९ गतेसम्म **puscholarship@pu.edu.np** मा mail गरी पठाउन हुन सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

- व्यवस्थापन संकाय अन्तर्गतको प्रकाशित योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका School Type–**Public/Others** का उम्मेदवारहरुले विविध कारणले गर्दा अनुसूचि फारम भर्न छुटेको वा **Awarded List** नाम प्रकाशित भएर पनि पत्र बुझ्न छुटेको वा हालसम्म कुनै पनि कलेजमा छात्रवृत्ति अन्तर्गत भर्ना नभएका उम्मेदवारहरुलाई मात्र यो कोटामा आवेदन गर्ने सुविधा हुनेछ ।

- व्यवस्थापन संकाय अन्तर्गतको प्रकाशित योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका School Type–**Public/Others** का उम्मेदवारहरु जो हालसम्म प्रकाशित **First/Second/Third-Awarded List** मा नाम प्रकाशित भई तोकिएको कार्यक्रम र कलेजमा गई भर्ना भएका वा भर्ना भएर पनि अध्ययन छोडेका विद्यार्थीहरुलाई भने यो कोटामा आवेदन गर्ने सुविधा हुनेछैन ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८०

P.O. Box 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail: info@pu.edu.np
URL: https://pu.edu.np. Tel.: +977-61-504046/504039